# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०८।२० गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सिरहा, धनगढीमाई नगरपालिकाले मिलेमतोमा बिक्रेतासँग औषधि खरिद नगरी बिल बनाएर दाखिला नगरी रकम निकासा गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा धनगढीमाई नगरपालिकाको आ.व. २०७८/०७९ मा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका औषधि खरिदको लागि नेपाल सरकारको सःशर्त अनुदान शीर्षकबाट विनियोजित रकममध्ये १७ प्रकारका औषधिहरु जनसवाल पत्रिकामा प्रकाशित मूल्यभन्दा बढी मूल्य राखी खरिद गरे/गराएको र ५ प्रकारका औषधिहरु पत्रिकामा प्रकाशित औषधिहरुको मूल्यसूची भन्दा बाहिरको औषधि खरिद गरेको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (१क) बमोजिम Curex Pharmaceuticals Pvt. Ltd. ले आ.व. २०७८/०७९ को लागि मिति २०७८।०४।१० गते राष्ट्रियस्तरको दैनिक जनसवाल पत्रिकामा प्रकाशित २३७ प्रकारका औषधिहरुको मूल्य-सूची (दररेट) मा नबढ्ने गरी उक्त कम्पनीको आधिकारिक बिक्रेता हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि.सँग खरिद गर्नुपर्नेमा खरिद गरेका ३२ प्रकारका औषधिहरुमध्ये १७ प्रकारका औषधिहरु उल्लिखित दररेटभन्दा बढी मूल्यमा खरिद गरेको रकम रु.३,४६,३२०।- र ५ प्रकारका औषधिहरु पत्रिकामा प्रकाशित औषधिहरुको मूल्यसूची भन्दा बाहिरको औषधिहरु रु.१,१४,४९०।- समेत गरी जम्मा रकम रु.४,६०,८१०।- (चार लाख साठी हजार आठ सय दश रुपैयाँ) नेपाल सरकार/सार्वजनिक संस्थालाई हानिनोक्सानी पुऱ्याउने बद्नियत राखी अङ्कित मूल्य भन्दा अस्वभाविक बढी मूल्यमा औषधि खरिद गरी/गराई झुट्टा विवरणको बिल भरपाईको आधारमा जम्मा रु.४,६०,८१०।- (चार लाख साठी हजार आठ सय दश रुपैयाँ) रकम भुक्तानी गरे/गराएको पुष्टि भएकोबाट देहायका प्रतिवादी उपरर देहाय बमोजिम कसूर तथा सजायको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

**देहायः**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | धनगढीमाई नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत गोपाल प्रसाद बगाले | रु.४,६०,८१०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र (ञ) बमोजिम कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| २. | धनगढीमाई नगरपालिकाको लेखा अधिकृत पदमा कार्यरत पुरुषोत्तम कुमार प्रसाद | रु.४,६०,८१०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र (ञ) बमोजिम कसुर गरेकोमा सोही ऐनको दफा ८ को उपदफा |

| | | | |
|---|---|---|---|
| | | | (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | धनगढीमाई नगरपालिकाका तत्कालीन स्वास्थ्य शाखा प्रमुख सुरैत चौधरी | रु.४,६०,८१०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र (ञ) बमोजिम कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | धनगढीमाई नगरपालिकाका तत्कालीन जिन्सी शाखा प्रमुख सम्पैत यादव | रु.४,६०,८१०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र (ञ) बमोजिम कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ५. | हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि. मैतिदेवी, काठमाडौं तथा उक्त फर्मका प्रबन्ध निर्देशक माधव प्रसाद गौतम | रु.४,६०,८१०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र (ञ) बमोजिमको कसुरको नगद तथा लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेकोले सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ बमोजिम सजाय गरी बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
नरहरि घिमिरे